## विश्व जनसंख्या दिवस २००९ को अवसरमा जारी वक्तव्य

## थोराया अहमद ओवाइद

संयुक्त राष्ट्र जनसंख्या कोष (युएनएफपीए) की कार्यकारी निर्देशक
विश्व जनसंख्या दिवस
११ जुलाई २००९

आज, विश्व जनसंख्या दिवस मनाइरहँदा विकासशील मुलुकले शिक्षा र स्वास्थ्यका क्षेत्रमा मुश्किलले प्राप्त गरेका उपलब्धीलाई विश्वव्यापी वित्तीय तथा आर्थिक संकटले उल्टाउने हो कि भन्ने आशंका उत्पन्न गराएको छ । तीमध्ये पनि सबैभन्दा नराम्रोसंग प्रभावित हुनेहरुमा महिला र बालिकाहरु छन् । त्यसकारण यसवर्ष छानिएको विश्व जनसंख्या दिवसको विषयले महिलाको बिकासकोलागी लगानी बढाउनेतर्फ केन्द्रित गरेको छ । वित्तीय संकट आउनु अघि पनि महिला र बालिकाहरुले विश्वका बहुसंख्यक गरिबहरुको प्रतिनिधित्व गर्दथे । अहिले त उनीहरु झन गरिबीको तल्लो तहमा झर्दैछन् र खासगरी गर्भावस्थामा उनीहरुले स्वास्थ्य सेवा पाउनको लागी जोखिमको सामना गर्नुपर्ने भएको छ ।

आज, विकासशील मुलुकहरुमा गर्भावस्था र बच्चा जन्माउँदा उत्पन्न हुने जटिलताहरु महिलाको मृत्युका प्रमुख कारण बन्ने गरेका छन् । मातृ मृत्युले विश्वमै सबैभन्दा बढी स्वास्थ्य असमानताको प्रतिनिधित्व गर्दछ । स्वास्थ्य सेवाका कमीमा सुधार ल्याउन सामाजिक लगानीमा बृद्धि गर्नुपर्ने, स्वास्थ्यसेवाका उपलब्धीलाई बचाउनुपर्ने र महिलाको जीवनरक्षाका प्रयासलाई सुदृढ गर्नुपर्ने आवश्यकता छ ।

खासरुपमा परिवार नियोजन र मातृ स्वास्थ्य सेवा जस्ता प्रजनन स्वास्थ्यको पहुँचले महिला र केटीहरुलाई नचाहिएका वा उमेर नपुग्दैको गर्भ, असुरक्षित गर्भपतन र गर्भावस्थाबाट हुनसक्ने अशक्ततालाई हटाउन सहयोग गर्दछ । प्रजनन स्वास्थ्य सेवाको पहुँचले महिलाहरु स्वस्थ रहन, बढी उत्पादनशील हुन् र शिक्षा, तालिम र रोजगारीमा बढी अवसर पाउन् मदत गर्दछ । यसबाट उनीहरुको सम्पूर्ण परिवार, समुदाय र राष्ट्रले नै लाभ प्राप्त गर्दछ ।

प्रजनन स्वास्थ्यमा गरिने लगानी त्यति खर्चिलो छैन । परिवार नियोजन साधनमा हुने लगानीबाट चारगुनासम्म फाइदा दिन सक्छ र कहिलेकाँही त दिर्घकालीन रुपमै फाइदा पुग्नसक्छ । यसबाट स्वास्थ्य, शिक्षा र अन्य सामाजिक सेवाका क्षेत्रमा सरकारी खर्चको आवश्यकतालाई न्यून गर्न सकिन्छ । परिवार नियोजनले मात्र कम्तीमा ४० प्रतिशत मातृ मृत्युको संख्यालाई घटाउन सकिने अनुमान गरिएको छ ।

सबैका निम्ति शिक्षा महत्वपूर्ण छ तर बालिका र महिलाका निम्ति यसको विशेष महत्व छ । शिक्षाले अन्य अवसरको ढोका खोल्ने कुरामा सत्यता भएर मात्र होइन कि महिलाको शैक्षिक उपलब्धीले परिवार र पछिको पुस्तामा तरङ्ग समेत ल्याउन सक्दछ । बालिकाको शिक्षा नै गरिबी न्यूनीकरण गर्ने एउटा सर्वोत्तम उपाय हो । बालिकाका निम्ति माध्यमिक विद्यालय शिक्षामा हुने लगानीले उच्च प्रतिफल दिन्छ ।

महिलाको शैक्षिक स्तरले ठूलै रुपमा प्रजनन स्वास्थ्यलाई प्रभावित गरेको हुन्छ । जति उच्च शिक्षा हासिल हुन्छ त्यति छिटो गर्भ रहने सम्भावनामा कमी रहन्छ । गर्भवति जाँच र स्वास्थ्य सहयोगीको सहायताबाट सुत्केरी हुने जस्ता स्वास्थ्य सेवाको प्रयोग बढी हुन्छ । नेपालमा शिक्षा नपाएका एक तिहाई भन्दा कम महिलाले मात्र दक्ष प्रसुती सहयोगीबाट गर्भको जाँचसम्बन्धी सेवा पाउँछन् जबकी एसएलसीसम्म अध्ययन गरेकाहरुले यो सेवा तीन गुणा बढीले लिन्छन् । शिक्षा नपाएका १२ मध्ये करिब १ जना महिलाले अस्पतालमा प्रसुती गराउने, माध्यमिक तह र त्यसभन्दा माथिको शिक्षा पाएका ४ मध्ये करिब ३ जनाले स्वास्थ्य संस्थामा सुरक्षित प्रसुती गराउने अनुमान गरिएको छ ।

संयुक्त राष्ट्र जनसंख्या कोष (युएनएफपीए) महिलाको सशक्तीकरण, लैंगिक समानता र यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रमलाई अगाडी बढाउनका निम्ति राष्ट्रहरुलाई सहयोग गर्न प्रतिबद्ध छ ।

आज, विश्व जनसंख्या दिवसको अवसरमा महिलाको स्वास्थ्य र अधिकारलाई राजनीतिक र विकासको प्राथमिकता बनाउन म सम्पूर्ण नेताहरुलाई आग्रह गर्दछु । महिला र बालिकामा गरिने लगानीले आर्थिक पुनर्जीवन प्राप्त गर्न सहयोग गर्ने मात्र नभई दिगो आर्थिक बृद्धि हासिल हुनसक्दछ जसबाट असमानता र गरिबीलाई न्यून गर्न सकिन्छ । समस्याको यस घडीमा योभन्दा राम्रो लगानी केही छैन ।

* * *